नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

सञ्चारग्राम, तिलगंगा, काठमाडौं।

**सूचना** **सूचना** **सूचना**

**मिति:२०७८/११/२५ गते प्रकाशन भएको प्रसारण संस्थाहरूको नवीकरण सम्बन्धि सूचनामा थप स्पष्ट पारिएको सूचना।**

**(मिति:२०७८/११/२६)**

उपर्युक्त सम्बन्धमा नेपाल सरकारद्वारा विभिन्न मितिमा नेपाल राजपत्रमा प्रकाशन भएको सूचना बमोजिम निम्न अनुसारको व्यहोरा बमोजिम **गर्न हुन** सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. **ईजाजतपत्र तर्फः**

नेपाल सरकारद्वारा नेपाल राजपत्र खण्ड ७१) काठमाडौं, फागुन १९ गते, २०७८ साल(संख्या ४६ मा प्रकाशित भाग ३ को सूचना अनुसार राष्ट्रिय प्रसारण(एघारौं संशोधन) नियमावली,२०७८ को नियम ११ बमोजिम संवत् २०७८ साल असार मसान्तसम्म नवीकरण भई आफैले कार्यक्रम उत्पादन गरी भू-सतही, भू-उपग्रह वा केवुलको माध्यमबाट प्रसारण गर्ने टेलिभिजन च्यानल वा एफ.एम. रेडियो तथा रेडियो नेटवर्क प्रसारण गर्ने व्यक्ति वा संगठित संस्थाले आर्थिक वर्ष २०७८/७९ को नविकरणको लागि संवत् २०७८ साल पुस मसान्तसम्म निवेदन दिएकोमा मन्त्रालयले त्यस्ता व्यक्ति वा संगठित संस्थाको **आर्थिक वर्ष २०७८/७९ को लागि नवीकरण दस्तुर र जरिवानामा पूर्ण छुट दिई नवीकरण** गर्न सक्ने व्यवस्था भएको हुँदा **२०७८ साल पुस मसान्त भित्र नविकरणको लागि निवेदन दर्ता गरेका** सम्पूर्ण सम्बन्धित प्रसारण संस्था/ व्यक्तिले नविकरण गर्न चाहिने सम्पूर्ण देहाय बमोजिमका **कागजातहरु सहित राजपत्र प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र रित पुरा गरि ३०(तीस) दिनभित्र नवीकरण गर्न हुन** जानकारी गराइन्छ।

क. **इजाजत तर्फ नविकरणको लागिः**

(क) २०७६/७७ को कर चुक्ता र प्रसारण तथा वितरण शुल्क तिरेको प्रमाण।
(ख) २०७६/७७ को कम्पनी अध्यावधिक/ संस्था दर्ता प्रमाणपत्र नविकरण भएको।
(ग) न्युनत्तम पारिश्रमिक सम्बन्धित कागजात।
(घ) संगीत रोयल्टी संकलन समाज नेपालको नविकरण गरेको कागजात।

२. <u>लाइसेन्स तर्फः</u>

नेपाल सरकारद्वारा नेपाल राजपत्र खण्ड ७१) काठमाडौं, पुष ०५ गते, २०७८ साल(संख्या ३५ मा प्रकाशित भाग ३ को सूचना अनुसार रेडियो सञ्चार(लाइसेन्स)(पाँचौं संशोधन) नियमावली,२०७८ को नियम २ बमोजिम आफैले कार्यक्रम उत्पादन गरी भू-सतही, भू-उपग्रह वा केवुलको माध्यमबाट प्रसारण गर्ने टेलिभिजन च्यानल वा एफ.एम. रेडियो र सो अन्तर्गत प्रयोग हुने सम्पूर्ण प्रकारका लिङ्क तथा रिसिभर जस्ता लाइसेन्सको संवत् **२०७८ साल असार मसान्तसम्म नवीकरण गरेको** भए त्यस्तो संस्था वा व्यक्तिले **आर्थिक वर्ष २०७८/७९ को लागि लाग्ने नवीकरण दस्तुरमा पूर्ण छुट** पाउने व्यवस्था भएको र मन्त्रालयको **मितिः २०७८/१०/१२ को माननिय मन्त्रीस्तरबाट भएको निर्णय** बमोजिम २०७८ साल असार मसान्तसम्म नवीकरण गरेका लाइसेन्स प्राप्त संस्था वा व्यक्तिले २०७८ साल **असार मसान्त भित्र निवेदन दिएको भए** त्यस्ता लाइसेन्स प्राप्त संस्था वा व्यक्तिको हकमा **नवीकरण शुल्क पूर्ण छुट हुने र असार मसान्त पश्चात विभिन्न महिनामा( २०७८ साल साउन महिना देखि पुष मसान्त सम्म)** निवेदन दिनेको हकमा **नियमानुसार लाग्ने जरिवाना  दस्तुर** दाखिला गरि **नवीकरण गर्न हुन** जानकारी गराइन्छ।

**नोटः _सम्बन्धित सम्पूर्ण हुलाक निर्देशनालयहरू तथा जिल्ला हुलाक कार्यालयहरूले यही सूचना बमोजिम गर्न हुन।**